# कमल गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

तोपगाछी, झापा

१ नं. प्रदेश, नेपाल

मितिः २०७७/१२/०८

## सर्भर खरिदका लागि सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

यस कमल गाउँपालिकाको लागि सिलबन्दी दरभाउपत्रको माध्यमबाट सर्भर खरिद गर्न इच्छुक इजाजत प्राप्त संस्था, फर्म, कम्पनीले देहाय बमोजिमको शर्तको अधिनमा रहि फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि, कर/भ्याट प्रमाणपत्रको प्रतिलिपि, गत आ.व. २०७६/७७ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि सहित यो सूचना प्रकाशन गरिएको मितिले १५ दिनभित्र पेश गर्ने गरी सिलबन्दी दरभाउपत्र आव्हान गरिएको व्यहोरा सम्बन्धित सबैमा अनुरोध छ ।

- दरभाउपत्र फारम सिलवन्दी गरी सूचना प्रकाशित भएको १५ औ दिनको कार्यालय समय भित्र यस कार्यालयको राजस्व प्रशासन शाखाबाट रु १०००/- (एक हजार) तिरी खरिद गर्न सकिनेछ ।
- दरभाउपत्र फारम पेश गर्दा सो साथ आफुले पेश गरेको जम्मा मुल्यको २.५ प्रतिशतले हुने रकम यस कार्यालयको नाममा रहेको एन एम वि वैंक केर्खा शाखामा रहेको धरौटी खाता नं. ०६४००५८१९६४०००८१ मा जम्मा गरेको भौचर वा मान्यता प्राप्त वाणिज्य वैंकहरुबाट यस कार्यालयको नाममा जारी गरेको ७५ दिन म्याद भएको जमानत (वीड वण्ड) पेश गर्नु पर्नेछ ।
- खरिद गरेको दरभाउपत्र फारम रितपूर्वक भरि सिलबन्दी गरी सूचना प्रकाशित भएको मितिले १६ औ दिन दिनको १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गरीसक्नु पर्नेछ र दर्ता हुन आएका दरभाउपत्र फारम सोही दिनको २:०० बजे यस कार्यालयमा प्रतिनिधीको रोहबरमा खोलिनेछ । शिलबन्दि दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्नेछैन ।
- दरभाउपत्र स्वीकृत गर्ने, नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
- दरभाउपत्र फारम पेश गर्ने र खोलिने दिन सार्वजनिक विदा परेमा त्यसको भोलीपल्ट अथवा कार्यालय खुलेको दिन अन्तिम म्याद मानिने छ । दरभाउपत्र खरिद गर्दा संस्थाको आधिकारिक व्यक्ति स्वयम उपस्थित हुन वा अधिकार प्राप्त व्यक्तिले मात्र खरिद गर्न सक्नेछ ।
- माथि उल्लेखित शर्तहरु बाहेक अन्य कुराहरु बोलपत्र फारम एवं प्रचलित कानुन अनुसार हुनेछ ।
- विस्तृत जानकारीका लागि जिन्सी शाखामा सम्पर्क राख्न अथवा यस कार्यालयको वेवसाइट www.kamalmun.gov.np मा हेर्न सकिनेछ ।

सुवास श्रेष्ठ

प्रमुख प्रशासकीय अधिकृत